प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

# खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

**बागलुङ**

गण्डकी प्रदेश, नेपाल

## पुराना जिन्सी मालसामान लिलाम बिक्रीसम्बन्धी सुचना

**मिति २०७८।२।२७ प्रथम पटक प्रकाशित सूचना**

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङ मा रहेका सम्मत्ति तथा जिन्सि मालसमान को लिलाम विक्रि गर्ने प्रयोजनको लागि आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ वमोजिम पुराना जिन्सी मालसामान लिलाम बिक्रीसम्बन्धी मिति २०७८।२।२७ को सूचना बमोजिम यस कार्यालयमा रहेका पुराना जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् , सोही अवस्थामा एकमुस्ट लिलाम बिक्री गर्नु पर्ने भएको हुनाले लिलाम बढाबढमा भाग लिन इच्छुक सम्बन्धित सबैमा जानकारीको लागि यो लिलाम बिक्रीसम्बन्धी सूचना प्रकाशन गरिएको छ । लिलाम बिक्री हुने पुराना जिन्सी मालसामानहरुको विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपशिल**

१) कार्यालयमा रहेका पुराना फर्निचर, कम्प्युटर, ल्यापटप,फोटोकपी मेसिन, औजार उपकरण, एम्नीलेवल, अल्टिमिटर ,लेभल मेसिन ,मेसिन औजार उपकरण लगाएत सामानहरु

२) लिलाम बढाबढमा भाग लिन इच्छुक व्यक्तिहरुले मिति २०७८।३।३ गते दिउँसो १२ बजे भित्रमा न्यूनतम मूल्यको ५ प्रतिशतले हुन आउने धरौटी वापत रकमसहित यस कार्यालयको राजश्व शाखामा नाम दर्ता गराउनु पर्नेछ ।

३) लिलाम बिक्री तथा बढाबढ कार्य मिति २०७८।३।३ गते दिउँसो १ बजेदेखि कार्यालय समयसम्म यस कार्यालयको सभा कक्षमा हुनेछ ।

४) लिलाम बढाबढको शुरु अंक न्यूनतम मूल्य रु १,२६,१५६। **अक्षरुपी एकलाख छब्विस हजार एकसय छपन्न** रुपैया मात्र हुनेछ । डाँक बोल्न अगावै बोलिएको अंकको ५ प्रतिशतले हुन आउने रकम रु ६३०८ । अक्षरुपी छ हजार ३ सय आठ रुपैया नगदै धरौटी राख्नु पर्नेछ र डाक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी अंक थप हुँदै जानेछ ।

५) लिलाम सकार गरेपछि ७ दिन भित्रमा बाँकी रकम दाखिला गरी लिलाम भएको मालसामान उठाई लैजानु पर्नेछ, तोकेको अवधि भित्र कवोल रकम नबुझाएमा वा रकम बुझाइ मालसामान नउठाएमा धरौटी वापत राखिएको रकम जफत गरी अर्को व्यवस्था गरिनेछ ।

६) लिलाम बिक्रीको जिन्सी मालसामान सम्बन्धमा थप जानकारी लिनु परेमा वा बुझ्न चाहेमा वा हेर्न चाहेमा कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ ।

डिभिजन प्रमुख

फोन नं. ०६८-५२०११० फ्याक्स : ०६८-५२०२९४ ईमेल: wss.baglung@gmail.com